## मिति २०७७/१२/०१ गतेको १०५ औ कार्यपालिका बैठकका निर्णयहरु

१. क) यस नगरपालिकाको चालु आर्थिक वर्षको स्वास्थ्य तर्फ विनियोजित बजेट तथा कार्यक्रमलाई देहाय बमोजिम संशोधन गरी संचालन गर्ने ।

| **स्वीकृत कार्यक्रम** | **स्वीकृत बजेट** | **संशोधन भई कायम हुने कार्यक्रम** | **बजेट** |
|---|---|---|---|
| प्रत्येक स्वास्थ्य संस्थामा डाटा भेरिफिकेशन RDQA कार्य गर्ने खर्च | ३ लाख | गाउँघर क्लिनिक खोप कार्यक्रम संचालन खर्च | १ लाख ५० हजार |
| संघिय कार्यक्रमबाट छुट भएका विद्यालयमा नर्सिङ कार्यक्रम संचालन | ७ लाख ९० हजार | महिलाहरुको पाठेघर स्क्रिङ क्याम्प संचालन | ५ लाख ३० हजार |
| | | थप २ विद्यालयमा १/१ जना विद्यालय नर्सको खर्च ( तलव भत्ता र पोषाक) | २ लाख ६० हजार |

ख) यस नगरपालिकाका विभिन्न २० वटा विद्यालयहरुमा विद्यालय नर्सिङ कार्यक्रम लागु भएकोमा क्रमशः सबै आधारभूत तथा माध्यमिक विद्यालयहरुमा संघीय सरकारबाट कार्यक्रम संचालन गर्न बजेट तथा कार्यक्रम उपलब्ध नहोउन्जेल सम्मको लागि हाल प्राथमिकताको आधारमा देहायका थप २ वटा विद्यालयमा समेत सो कार्यक्रम नगरपालिकाको तर्फबाट संचालन गर्ने । साथै नर्स नियुक्ति गर्दा दलित समुदायको माग सम्बोधन गर्न यस नगरपालिकाको गत २०७७ असारमा लिईएको परिक्षाबाट बैकल्पिक सूचिमा परेका बैकल्पिक क्रम संख्या १० का पवित्रा सुनार र क्रम संख्या १४ का पुनम वि .क. लाई अन्य विद्यालय नर्स सरह २०७८ आषाढ मसान्त सम्मका लागि तत्काल करार गरी सेवा सुविधा प्रदान गर्न कार्यालयलाई निर्देशन दिने ।

**<u>छनौट भएका विद्यालयहरुः</u>**

श्री कोपिला माध्यमिक विद्यालय, पर्सेनी

श्री शिद्ध बहिरा बालकको विद्यालय, खजुरा

२. यस नगरपालिकाका विभिन्न क्षेत्रमा रहेका पाताल दरबार, काँक्रेविहार, शहिद पार्क लगायतका पर्यटकीय स्थलहरुमा पर्यटन सेवा शुल्क निर्धारण गर्ने लगायतका विषयलाई व्यवस्थापन गर्न एक कार्यविधिको मस्यौदा तर्जुमा गरि कार्यपलिका बैठकमा पेश गर्न आर्थिक विकास समितिलाई जिम्मेवारी दिने ।

...नगर कार्यपालिकाको
बैठक संख्या १०५ मिति ०७७.१२.०१
को निर्णय प्रमाणित।

३. क) यस नगरपालिकाको वडा न. ६ को वडा कार्यालय भवन निर्माण गर्न दशरथपथ टोल विकास संस्थामा पर्ने खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी लिमिटेडको गोदामको पश्चिम तर्फ पर्ने नगर विकासको गुरुयोजनामा स्थानिय विकास प्रयोजन भनिएको सार्वजनिक जग्गा (क्षेत्रफल ५६.५० मी. * ५० मी.) मध्ये करिब २.५ कठ्ठा वडा कार्यालय भवन निर्माण गर्नका लागि जग्गा प्राप्तिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र गृह मन्त्रालयमा लेखी पठाउने ।

ख) यस नगरपालिकाको हटिया लाईनमा रहेको साविकदेखि पसल कबल निर्माण गरी नगरपालिकाले भाडा लिँदै आएको नेपाल सरकार कटकुवा ३ कित्ता नम्बर १२९,१३२ र १५७२ को क्षेत्रफल क्रमश ०-१-३।४,०-१-० र०-३-१८-१/४ का जग्गाहरुमा नगरविकास कोषको ऋण सहयोगमा आधुनिक सपिङ् कम्प्लेक्स निर्माण गर्ने प्रयोजनार्थ जग्गा प्राप्तिको लागि लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र गृह मन्त्रालयमा लेखी पठाउने ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या १०५ मिति ०७६/१२/१७
को निर्णय प्रमाणित ।